# २ यस संसारमा येशूको सेवाकार्य सुरू

*यस अध्यायका मूल पदहरू:* मत्ती ३:१-१२, २ पत्रुस १:१९, फिलिप्पी २:५-८, मत्ती ४:१--१२, यशैया ९:१,२ र मत्ती ४:१७-२२।

*यस अध्यायका स्मरण गर्नुपर्ने मूल सार पद:* "मेरो पछि लाग" येशूले भन्नुभयो "म तिमीहरूलाई मानिसहरूका मछुवा (माझी) बनाउँछु" (मत्ती ४:१९ रूपान्तरित)।

हामीहरू यस संसारमा जन्मनुको अर्थ के हो, हामीहरूको जीवनको लक्ष्य के हो र हामीहरू कसरी उपलब्धीमूलक जीवन बिताउने हो भन्ने खालका प्रश्नहरूले नपिरोलेका मानिसहरू को होलान्? किनभने हामीहरू जन्मिँदा कसरी जीउने भनेर लिखित मार्गनिर्देशनहरू साथमा लिएर आएका हुँदैनौं, हुन्छौं त?

"मेरो जीवनको कुनै अर्थ देखिन न त बुझ्नै सकें" एक जना १७ वर्षको लागु दुर्व्यसनमा लाग्ने युवकले भन्यो "अहिले पनि मेरो जीवनको लक्ष्य थाहा छैन। मैले भनिठानेकि सबै जना यसमा लागेका छन् र त्यसमा केही ठूलो रहस्य छ जुन् थाहा पाउन म मात्र अलग भएर बसें। हामी यहाँ किन छौं भन्ने यथार्थता सबैलाई थाहा थियो र तिनीहरू मबिना गोप्यरूपमा कताकता खुशी भइरहेको मैले ठानें।"

जर्मन देशको लेखक र विज्ञानको दार्शनिक पावल फेयरबेदले आफ्नो जीवन कहानीमा यो लेखेका थिए: "एकदिनपछि अर्को दिन जान्छ, र मानिस किन बाँच्नुपर्छ भन्ने कुरामा कोही स्पष्ट छैन।"

हामीहरूको जीवनको अर्थ यस अंधकार संसारमा छामछुम गरेर पाउँदैनौं तर बाइबलमा, सुसमाचारका पुस्तकहरूमा र येशूको कहानीमा पाउँछौं। बिशेष गरेर येशू आउनुको अर्थ र उहाँले हाम्रो निम्ति के गर्नुभयो र किन गर्नुभयो भन्ने आत्मज्ञानले सुसज्जित हुनसक्यौं भने यस संसार होस् वा आउने संसारमा होस् हामीहरूको अस्तित्वको अर्थको भेद खोल्न सक्दछ। येशू मानव अवतार लिएर आउनुभन्दा अघि उहाँको जीवन, उहाँको मानविय जन्म, यस संसारमा उहाँको जीवन, मृत्यु, पुनरुत्थान, स्वर्गमा उहाँले गरिरहनुभएको सेवाकार्य र हुनेवाला दोस्रो आगमनमा हामीहरूको जीवनका धेरै धेरै अन्यौल र

महत्त्वपूर्ण प्रश्नहरूको जवाफ हामी पाउन सक्छौं। यस अध्यायमा हामीहरूले यस संसारमा येशू ख्रीष्टको जीवन र कामको थालनीको बारेमा नियाल्नेछौं। उहाँको जीवन र कामको ज्ञानले मात्र यस संसारमा हामीहरूको अस्तित्वको अर्थ स्पष्ट रूपमा बुझ्न सक्छौं।

## १. बप्तिस्मा दिने यूहन्ना र "बर्तमान समयसापेक्षित सत्य सन्देश" (मत्ती ३:२,३)

बप्तिस्मा दिने यूहन्नाको कामको बारेमा व्याख्या गरेर मत्तीले मत्ती अध्याय सुरू गर्छन्। यूहन्नाको सबभन्दा पहिला यी शब्दहरू बाइबलमा लेखिएको थियो: "पश्चाताप गर (अर्थात् आफ्ना पाप र दुष्ट कामहरूबाट फनक्क फर्क!)" (मत्ती ३:२)। यथार्थमा भन्ने हो भने मानिसले अदनको बगैंचामा पाप गरेदेखि नै परमेश्वरले उठाइरहनुभएको आवाजको सार त्यही थियो: पश्चाताप गर। मेरो सदाशयता र क्षमाशीलतालाई ग्रहण गर। तिमीहरूको पाप पन्छाऊ, र तिमीहरूले मुक्ति पाउनेछौं र तिमीहरूको आत्माले चिर शान्ति पाउनेछ।"

त्यो सन्देश विश्वव्यापी भएतापनि यूहन्नाले उचालेको आवाजमा समयसापेक्षिक सुसमाचार (२ पत्रुस १:१२) पनि त्यस बेलाका मानिसहरूको निम्ति थियो।

मत्ती ३:२,३ र ५, ६मा यूहन्नाले वर्तमानकालिक वा समयसापेक्षिक सत्य सन्देश सार्वजनिक रूपमा प्रस्तुत गरेको पाइन्छ। त्यस सन्देशमा पश्चाताप गर्नु, बप्तिस्मा लिनु र पापको स्वीकार गर्नु समावेश गरिएकाछन्। हेर्नुहोस्: "२ "पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिक आएको छ।" ३ किनभने यी तिनै हुन्, जसको विषयमा यशैया अगमवक्ताद्वारा यसो भनिएको थियो: "उजाड-स्थानमा एक जना कराउनेको आवाज, 'परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ'।... ५ यरूशलेम र सबै यहूदिया, र यर्दन वरिपरिका इलाकाका सबै मानिसहरू तिनीकहाँ गए, ६ र आफ्ना पाप स्वीकार गर्दै यर्दन नदीमा तिनीबाट बप्तिस्मा लिन लागे।"

सुसमाचारको अरू लेखकहरूले जस्तै यूहन्नाले पनि पुरानो करारका भनाईहरूलाई उद्‌ध गर्दछन्। पुरानो करारमा दिएको भविष्यवाणी नयाँ करारमा जीवित भएर आएको पाइन्छ। नयाँ करारमामा के भइरहेको छ सो व्याख्या गर्न येशू, पावल, पत्रुस, यूहन्ना सबैले पुरानो करारलाई उद्‌ध गरेका थिए। भविष्यवाणी सत्य छ भनेर प्रमाणित भएको पत्रुस आफैले देखेका थिए जब

**डाँडाँमा येशूको रूप परिवर्तन भएको थियो (२ पत्रुस १:१९)। त्यसबेला एलिया र मोशासँग आफ्नो कामको बारेमा येशूले कुराकानी गरिरहनुभएको थियो।**

धर्मका अगुवा तथा पण्डितहरूको निम्ति यूहन्नाको कठोर शब्दहरू के थिए भनेर मत्ती ३:७-१२मा पाउँछौं। उनको कडा बोलिमा पनि ती धर्मका गुरूहरूलाई के आशा उनले प्रदान गरिएको पाउँछौं? हेर्नुहोस् "७ तर फरिसीहरू र सदुकीहरूमध्ये धेरै जनालाई बप्तिस्मा लिन आइरहेका देखेर तिनले उनिहरूलाई भने, "सर्पका बच्चा हो, आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनि दियो? ८ यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ। ९ अब्राहाम नै हाम्रा पिता हुनुहुन्छ भनी आपसमा भन्ने नगर। किनभने म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाहरूबाट अब्राहामको लागि सन्तान उत्पन्न गर्न सक्नुहुन्छ। १० अहिले नै रूखको फेदमा बन्चरो परिसकेको छ। यसकारण असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ। ११ "मचाहिँ त तिमीहरूलाई पश्चात्तापको लागि पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुने मभन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्ने योग्यको म छैनँ। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ। १२ उहाँको निफन्ने नाङ्लो उहाँकै हातमा छ, र उहाँले आफ्ना खलालाई पूरै सफा पार्नुहुनेछ, र आफ्नो गहूँ धनसारमा जम्मा गर्नुहुनेछ, तर भुसजति चाहिँ ननिभ्ने आगोमा जलाउनुहुनेछ।"

**यूहन्नाले जे जे प्रचार गरे ती सबै थोकले येशूको जरुरीलाई औंल्याउँछ। उनको सन्देशमा येशूको बारेमा सबै थोक समावेश भएको छ र उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुहुनेछ सो यूहन्नाले स्पष्ट पारेका छन्। यूहन्नाले गरेको आह्वानमा सुसमाचार खनिएको छ। फेरि त्यहाँ अन्तिम न्याय हुनेछ भनेर पनि यूहन्नाले स्पष्ट पार्दछन्, अन्तमा गहुँ र भुसलाई अलग गरिनेछ रे! त्यो अलग गरिने को भन्दा येशू नै हुनुहुन्छ रे! सुसमाचारसँग न्यायको मामिला अलग गरिनुनहुने भनेर यूहन्नाको मर्मले बुझाउँछ। बाइबलमा अरू ठाउँहरूमा जस्तै यहाँ पनि येशूको पहिलो र दोस्रो आगमनलाई एउटै मामिलामा गाँसिएको उदाहरण पाइन्छ। जब यूहन्नाले येशूको पहिलो आगमनको बारेमा चर्चा गरेका थिए उनले दोस्रो आगमनको बारेमा पनि चर्चा गरेको पाउँछौं।**

## २. मरुभूमिमा येशू र शैतानको बीचमा प्रदर्शित भारी भिन्नता (मत्ती ४:१)

शैतानको दृष्टिकोणले मत्ती ४:१को दृष्यलाई कल्पना गरौं। परमेश्वरको पुत्र भएतापनि येशू अत्यन्त तल्लो स्तरमा होचिएर आउनुभयो। मानव जातिलाई मुक्ति दिन उहाँले मानिसको नाशवान शरीर लिएर आउनुभयो। त्यही येशू जसले स्वर्गमा शैतानसँग युद्ध गर्नुभएको थियो। उहाँ त्यही येशू हुनुहुन्थ्यो जसले शैतान र उसका मतियारहरू वा स्वर्गदूतहरूलाई स्वर्गबाट फ्याँक्नुभएको थियो (प्रकाश १२:७-९)। अब त्यही येशू चालिस दिनसम्म भोकभोकै हुँदा उहाँको अवस्था कस्तो थियो रे? उहाँ धेरै दुव्लाउनुभएको थियो, अनकङ्टार मरुभूमिमा उहाँ भोकले रन्थनिनुभएको थियो। उजाड स्थानमा उहाँलाई सहयोग गर्ने कोही पनि थिएन। उहाँको त्यो मानविय निरिह अवस्थाको फाइदा उठाएर उहाँलाई आक्रमण गर्ने लक्ष्य लिएर शैतान आउनु उसको स्वभावै थियो। अब येशू उसको छलको पासोमा सजिलैसँग पर्न सक्नुहुन्छ भन्ने उसको दाऊ थियो।

"जब शैतान र परमेश्वरको पुत्र युद्धमा होमिए त्यसबेला येशू स्वर्गका जीवहरूका सेनापती हुनुहुन्थ्यो। अनि बिद्रोहीको अगुवा शैतानलाई स्वर्गबाट फ्याँकिएको थियो। अब तिनीहरूको अवस्था उल्टो भएको थियो। त्यसको फाइदा उठाएर मरुभूमिमा रन्थनिनुभएको येशूलाई आफ्नो पासोमा पार्न शैतान हरमग्दुर प्रयास गर्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ११९बाट रूपान्तरित।

येशू र शैतान अब आाकाश र जमिनको बीचको भिन्नतामा उभिन पुगेका थिएः लुशिफरले एक फेरा आफू महान् उच्च परमेश्वरको सरह हुन चाहेको थियो (इजकिएल १४:१४ रूपान्तरित)। स्वर्गको वैभव, यश र महिमालाई रित्याएर येशू असहाय भएर मरुभूमीमा पर्नुभएको थियो। यहाँ एउटा दृष्यमा स्वार्थी र निस्वार्थीको बीचमा भएको भारी अन्तरलाई देख्न सक्छौं। पवित्रता के हो र पापले के गर्छ भन्ने भिन्नताको ज्वलन्त उदाहरण हामी त्यस दृष्यमा देख्न सक्छौं।

येशू र शैतानको बीचको चरित्र वा स्वभावमा के भिन्नता थियो भनेर देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस् यशैया १४:१२-१५ "१२ ए बिहानको तारा, प्रभातको पुत्र, तिमी स्वर्गबाट कसरी खस्यौ! उहिले जाति-जातिहरूलाई होच्याउने, तिमी कसरी भूईँमा तल खसालियौ। १३ तिमीले आफ्नो हृदयमा भन्यौ, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि

म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" १५ तर तिमी चिहानसम्म, खाड़लको तल्लो गहिराइसम्मै होच्चियौ।" र फिलिप्पीहरूलाई २:५-८ "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।"

**येशू मरुभूमिमा स्वइच्छाले भौंतारिनुभएको दृष्य देख्दा स्वर्गदूतहरूलाई कस्तो भयो होला? येशूको स्वर्गिय बैभव अर्थात् महिमा तिनीहरूले जानेका थिए। अब दुई जना प्रतिद्वन्धीहरू संघर्षको निम्ति यसरी मुखामुख गरेको तिनीहरूले कहिलै पनि देखेका थिएनन्। तिनीहरूको बीचको युद्धको नतिजा कस्तो र किन हुने थियो भनेर हामीलाई स्पष्टरूपमा थाहा छ। तर स्वर्गदूत तथा सारा जगतलाई थाहा थिएन। त्यसकारण ती दुईहरूको बीचको भिषण संग्राम नजिकै नियालेर हेरेको हुनुपर्छ।**

शैतानले आफू कस्तो महान् छ भनेर आफ्नो भाऊलाई येशूको सामुन्ने देखाएको थियो। तर येशूले भने आफूलाई होच्याएर मृत्यसम्म आज्ञाकारी हुनुभयो। ती दुई जीवहरूमा भएका भिन्नताबाट हामीले कस्तो अमूल्यको पाठ सिक्न सक्छौं? ती महत्त्वपूर्ण आत्मज्ञानलाई हामीहरूको जीवनमा कसरी उतार्ने? जब हामीहरूमा अहँ भावना, अरूभन्दा म के कम छु र मैले पाउनुपर्ने पद उसले किन पायो भन्ने जस्ता खतरानक निर्णयले हामीलाई ठूलो पार्ने महत्वाकाँक्षाबाट जोगिएर येशूको बिनम्रतालाई कसरी अङ्गाल्ने?

## ३. येशूलाई प्रलोभनमा फसाउने शैतानको प्रक्रिया (मत्ती ४:१-१२)

मत्ती ४:१-१२ पढेर देहायका प्रश्नहरूको जवाफ सोच्नुहोस्ः येशूले सामना गर्नुपरेको प्रलोभनको परिक्षामा येशू र शैतानको बीचमा कस्तो बैचारिक भिडन्त भइरहेको छ? के त्यो अनुभवमा पर्न येशूको आवश्यक थियो त? त्यहाँ के भइरहेको थियो त्यसमा मुक्तिको मामिलासँग के सम्बन्ध थियो? अत्यन्त कठिन र कठोर परिस्थितिमा पनि शैतानको शक्तिशाली प्रलोभनको परिक्षासँग येशू कसरी उभिन सक्नुभयो? हामीहरू आफैपनि त्यस खालका प्रलोभनमा

फस्दा आफूले कसरी सामना गर्नुपर्छ भनेर त्यसले हामीलाई सिकाउँछ? हेर्नुहोस्: "१ तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो। २ उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो। ३ तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" ४ तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहन्छ'।" ५ तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खड़ा गरायो, ६ र उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस्, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" ७ येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।" ८ फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, ९ र उहाँलाई भन्यो, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।" १० तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तँ दूर होइजा! किनभने लेखिएको छ, 'तैले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" ११ तब दियाबलस उहाँलाई छोड़ेर गयो र स्वर्गदूतहरूले आएर उहाँको सेवा-टहल गरे। १२ यूहन्ना थुनामा परे भन्ने सुनेर येशू गालीलतिर लाग्नुभयो।"

**अनौठो ढङ्गले मत्ती ४ अध्याय सुरू गर्छ: शैतानको परिक्षामा पर्न पवित्र आत्माले येशूलाई मरुभूमिमा लगियो रे? परिक्षा वा प्रलोभनमा नफस्न हामीले प्रार्थना गर्नुपर्ने परिप्रेक्ष्यमा त्यस पदलाई हामीले कसरी लिने? अझ येशूले सिकाउनुभएको प्रार्थनामा त हामीलाई परिक्षमा नल्याउनुहोस् तर दुष्टबाट बचाउनुहोस् भन्छौं (मत्ती ६:१३)। त्यस सन्दर्भमा पवित्र आत्माले येशूलाई उजाड स्थान वा मरुभूमिमा किन डोऱ्याउनुभयो त?**

**तर त्यो भेद खोल्ने साँचो त अघिल्लो अध्यायमा छ। येशू यूहन्नाकहाँ बप्तिस्मा लिन आउनुभएको थियो भनेर अध्याय ३मा उल्लेख गरिएको छ। सुरूमा यूहन्नाले येशूलाई बप्तिस्मा दिन इन्कार गर्छन्। तर येशूले भन्नुहुन्छ 'अहिलेलाई होस्। हाम्रो निम्ति बप्तिस्मा लिनु उचित छ। यसले परमेश्वरको पवित्र योजना कार्यान्वन गराउँछ।" (मत्ती ३:१४ रूपान्तरित)। परमेश्वरको पवित्र योजनालाई कार्यन्वन गर्नु भनेको मानिसहरूको निम्ति सिद्ध तथा आदर्श**

नमुना बन्नु र सिद्ध प्रतिनिधि हुनु हो जुन् काम पूरा गर्न परमेश्वर पिताले उहाँलाई यस संसारमा पठाउनुभएको थियो। त्यसकारण मानवरूप धारण गर्नु भएको येशू पारहित भएतापनि बप्तिस्मा लिनु आवश्यक थियो।

अदनको बगैंचामा आदमले जुन् प्रलोभन वा परिक्षाको सामना गऱ्यो त्यही सामना येशूले त्यस उजाड स्थानमा गर्नुपरेको थियो। येशूले हाम्रो निम्ति त्यस परिक्षामा बिजय वा उतिर्ण हुनुपरेको थियो जुन् आदम अनुतिर्ण वा असफल भएको थियो र साथै हामीसमेत गरेर आदमका पछिल्ला पुस्ता अनुतिर्णताको फन्दामा परिरहेका थिए र परिरहेका हुन्छौं। त्यसकारण पापबाट बिजय पाउनुभएर "ख्रीष्टले आदमको असफलतालाई मुक्त गर्न चाहनुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ११७बाट रूपान्तरित। तर आदमको भन्दा प्रतिकूल वातावरणमा येशूले शैतानसँग भिड्नुपरेको थियो।

शैतानसँगको भिडन्तमा येशूले पाउनुभएको बिजयले हामीलाई यो देखाउँछ कि हामी पनि पाप गर्ने बाहनामा कहिले पनि पर्नु आवश्यक छैन। पाप गर्नुको कुनै उचित कारणै छैन। जब हामी पनि परिक्षा वा प्रलोभनमा पर्छौं तब त्यसमा फस्न आवश्यक छैन। परमेश्वरमा अर्पित तथा समर्पित जीवन बिताउँदा र विश्वासद्वारा हामी पापमाथि बिजय प्राप्त गर्न सक्छौं। हामीलाई येशूका चेला याकूबको स्पष्ट निर्देशन छः "त्यसकारण आज्ञा पालन गरेर परमेश्वरको नीतिमा चल। शैतानको निडर भएर सामना गर। तिमीबाट ऊ भाग्नेछ। परमेश्वरको नजिक आऊ र उहाँ तिम्रो नजिक आउनुहुनेछ।"(याकूब ४:७,८ रूपान्तरित)।

परमेश्वरको वचनलाई आत्मसात् गरेर येशूले शैतानसँग भिड्नुभएको विवरण यस्तो प्रभावकारी छ कि यदि हामी पनि यदि परमेश्वरको वचनलाई हृदयमा राखेर चल्यौं भने पाप गर्नुपर्ने केही बाहना पाउँदैनौं। फेरि, ख्रीष्टको धार्मिकता हामीलाई कतिको आवश्यक र महत्त्वपूर्ण रहेछ भनेर उपरोक्त कथाले हामीलाई देखाउँछ? यदि येशूले हामीहरूको पाप क्षमा दिनुभएन र छोप्नुभएन र हामहरूकै अथक प्रयासमा धर्मात्मा हुन खोज्यौं भने मुक्ति पाउन हामीहरूमा के आशा होला र?

## ४. जबुलुन र नाफतालीका देशहरू (मत्ती ४:१३-१६)

मत्ती ४:१२मा बप्तिस्मा दिने यूहन्नालाई कैदमा राखियो भनेर उल्लेख गरिएको छ। त्यसको अर्थ यूहन्ना झ्यालखानामा परेपछि उनको सेवाकार्य अन्त भएको थियो भनेर बताउँछ। त्यस बेलादेखि येशूले सेवाकार्य औपचारिक रूपमा

**सुरू गर्नुभएको थियो। जब येशूले यूहन्नाको बारेमा सुन्नुभयो तब उहाँ गलिलमा जानुभयो। उहाँ गलिलमा किन जानुभयो सो कुरा बाइबलले खुलाउँदैन। (त्यही सन्दर्भमा मर्कूस १:१४-१६ र लूका ४:१४ पनि पढ्नुहोस्)। शायद यूहन्नाले प्रचार गरिरहँदा उनको र येशूका चेलाहरूको बीचमा प्रतिस्पर्धात्मक वातावरण नहोस् भनेर उहाँले शान्तिप्रिय नीति अपनाउनु भएकोले होला। ग्रीक भाषामा "जानुभयो" भन्ने शब्दको अर्थ प्रायजसो "हट्नु" वा "कसैसँग सामना गर्नुबाट अलग हुनु" भनेर जनाउँछ। हरदम बुद्धिमानी भएर येशूले सकेसम्म कसैसँग समस्यामा आफूलाई पार्न नचाहेको हुनसक्छ।**

येशूले जबलुन र नाफताली क्षेत्रमा आफू रहन जानुभयो भनेर मत्ती ४:१३-१६मा पढ्नुहोस्। त्यसले येशूको सेवाकार्यको बारेमा के बताउँछ? त्यस क्षेत्रको बारेमा यशैया ९:१,२ पनि पढ्नुहोस्।

मत्ती ४:१३-१६ "१२ यूहन्ना थुनामा परे भन्ने सुनेर येशू गालीलतिर लाग्नुभयो, १३ र नासरत छोड़ेर कफर्नहुममा गई त्यहाँ वास गर्न लाग्नुभयो। यो सहर जबूलून र नप्तालीका क्षेत्रमा, समुद्रको किनारमा पर्छ। १४ यशैया अगमवक्ताले भनेको वचन यसरी पूरा भयोः १५ "जबूलूनको मुलुक र नप्तालीको मुलुक, यर्दनपारी, समुद्रतिर, अन्यजातिहरूको गालील, १६ अन्धकारमा बस्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन्। मृत्युका छायाको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ।" यशैया ९:१,२ "१ तापनि सङ्कष्ट परेकाहरूका निम्ति नैराश्य हुनेछैन। पहिले त उहाँले जबूलूनको देश र नप्तालीको देशलाई नम्र तुल्याउनुभयो, तर भविष्यमा उहाँले यर्दनका किनारको समुद्र नजिकैको अन्यजातिहरूको गालीललाई सम्मानित तुल्याउनुहुनेछ। २ अन्धकारमा हिंड्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन्। मृत्युको छायाँको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ।"

**जबूलून र नाप्ताली याकूबको दुई छोराहरू थिए (उत्पत्ति ३५:२३-२६)। तिनीहरूका सन्तान दुई जातिहरूमा बिभाजित भएका थिए र तिनीहरू प्रतिज्ञा गरिएको देशको उत्तरी क्षेत्रमा रहेको सुन्दर ठाउँमा बसोबास गर्न पुगेका थिए।**

**दुर्भाग्यवस याकूबका सन्तानका दश जातिहरू मध्ये ती दुई जातिहरू थिए जसले परमेश्वरमाथिको विश्वास त्यागेका थिए र संसारप्रति ढल्कन पुगेका थिए। ती दुई जातिहरूको पापी जीवन, सांसारिक लोभमोहको जीवन र दुष्टताको बिरोधमा धेरै अगमवक्ताहरूले बोलेका थिए। बिदेशी देश असेरियाले ती जातिहरूमाथि हमला गरेर तिनीहरूलाई बिभिन्न देशहरूमा तितरबितार पारेका**

थिए। त्यसको फलस्वरुप बिदेशी वा गैर-यहूदी मानिसहरू त्यहाँ आएर बसोबास गर्न थाले जसले गर्दा गलिल यहूदी र गैर-यहूदीहरूको मिश्रित जातिहरूको ठाउँ हुनपुग्यो र त्यो ठाउँ आत्मिक रूपमा अन्धकार र अलमलमा परेको देश हुन पुग्यो। गालिली प्रान्तको सबभन्दा प्रख्यात अगमवक्ता योना थिए। गालिलीको जनताहरू परमेश्वरप्रति बफादारी तथा विश्वासमा कतिको तल्लो स्तरमा झरेका रहेछन् भनेर उक्त योनाको बारेमा बुझ्न सके हामीलाई केही हदसम्म थाहा हुन्छ।

गालिलीमा जे समस्या भएतापनि जबूलून र नाप्तालिका अन्धकार क्षेत्रहरूलाई लक्षित गरेर यशैयाको पुस्तकमा एक सुन्दर भविषयवाणी लेखिएको छ, 'अन्धकारमा बसिरहेका मानिसहरूले अब ठूलो ज्योति देख्नेछ।" (मत्ती ४:१४ रूपान्तरित)। अर्को शब्दमा भन्ने हो भने अशिष्ट, पिछडिएका र रुखो मानिसहरूकहाँ येशू आउनुभयो र तिनीहरूको बीचमा सेवाकार्य गर्नुभयो। अरू मानिसहरूलाई मुक्ति दिन येशूले आफूलाई होच्याउनुभएको थियो भनेर यहाँ प्रमाणित गर्दछ। आफ्नो सेवाकार्यमा येशूको निम्ति पुरानो करार कतिको महत्त्वपूर्ण रहेछ भन्ने अर्को ज्वलन्त उदाहरण हामी यहाँ पनि देख्दछौं।

निम्नस्तर र पिछडिएका जातिलाई सुसमाचार सुनाउन र तिनीहरूको सेवा गर्न आवश्यक छैन भन्ने प्रवृत्तिबाट हामी कसरी सतर्क हुने? (येशू आउनुहुन्छ भनेर हामी उहाँको प्रतिक्षा त गर्ने तर ) अरू मानिसहरूलाई उहाँको बारेमा थाहा दिनु आवश्यक छैन भन्ने मनस्थिति किन गलत छ?

## ५. माझी तथा माछा पक्रनेहरूलाई बोलाहत (मत्ती ४:१७-२०)

"आआफ्नो पापहरूबाट फर्क। परमेश्वरको राज्य नजिकै छ।" येशूले भन्नुभयो (मत्ती ४:१७)। यूहन्नाले जस्तै येशूले पनि मानिसहरूलाई आआफ्ना पापहरूबाट फर्क भन्दै उहाँले आफ्नो सेवाकार्य सुरू गर्नुभएको थियो। यूहन्नालाई जस्तै येशूलाई पनि यो थाहा थियो कि मानिसहरूको अवस्था एकदम पापमय थियो र तिनीहरूले पश्चाताप गर्न आवश्यक थियो र परमेश्वरको बारेमा आत्मज्ञान पाउन जरुरी थियो। त्यसकारण मानिसहरू पापबाट फर्क भन्ने आह्वानलाई समावेश गरेर आफ्नो सार्वजनिक सुसमाचारको सुरू गर्नुमा अचम्म मान्नुपर्दैन।

हामीहरूको जीवनमा पश्चाताप अर्थात् पापबाट फर्कनु कतिको जरुरत रहेछ भनेर मत्ती ४:१७-२२ले कसरी बताउँछ? हेर्नुहोस् "१७ त्यस बेलादेखि प्रचार गर्दै येशूले भन्न लाग्नुभयो, "पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिक

आइपुगेको छ।" १८ गालील-समुद्रको किनारमा हिँड्नुहुँदा उहाँले पत्रुस भन्ने सिमोन र तिनका भाइ अन्द्रियास, दुवै भाइलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो। तिनीहरू मछुवा थिए। १९ उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु।" २० तब उत्तिखेरै जालहरू छोड़ेर तिनीहरू उहाँको पछि लागे। २१ त्यहाँबाट जाँदाजाँदै उहाँले अर्का दुई भाइ, जब्दियाका छोराहरू याकूब र तिनका भाइ यूहन्नालाई तिनीहरूका बुबा जब्दियासँग डुङ्गामा आफ्ना जाल तुनिरहेका देख्नुभयो, र उहाँले तिनीहरूलाई बोलाउनुभयो। २२ तब उत्तिखेरै डुङ्गा र तिनीहरूका बाबुलाई छोड़ेर तिनीहरू उहाँको पछि लागे।"

**यहाँ गालिली क्षेत्रमा दुई परिवारका चार जना युवा दाजुभाईहरू माछा मार्ने पेशामा संलघ्न थिए। ती युवाहरूको हृदय परमेश्वरप्रति झुकेको थियो किनभने तिनीहरूमा कोही कोही बप्तिस्मा दिने यूहन्नाको पछि लागेका थिए। बप्तिस्मा दिने यूहन्नाले त्यस क्षेत्रमा अर्का युवालाई लक्षित गर्दा तिनीहरू छक्क परेका थिए।**

**ती युवाहरूले नासरथको येशूको साथमा गएर उहाँसँग केही समय बिताउन सकिन्छ कि भनेर उहाँलाई सोधेका थिए (यूहन्ना १)। आत्मज्ञान सिक्ने संस्कार यसरी चलेको थियोः मानिसहरू रबी अर्थात् धार्मिक गुरूहरू कहाँ जान्थे र उनको पछि लाग्न अनुरोध गर्दथे। तर रबी अर्थात् धर्मगुरूको चेला को हुन्छ भनेर अन्तिम निर्णय गर्ने अधिकार उनिहरूमा थिएन। जब कुनै रबी वा धर्मगुरूले कसैलाई चेला बन्न बोलाउँछ भने त्यो बोलाहत एकदम अवसरको रूपमा लिइन्थ्यो र खुशी साथ उनलाई स्वीकार गरिन्थ्यो।**

**कतिले भन्छन् कि जब येशूले समुद्रमा ती चेलाहरूलाई बोलाउनुभयो तब उहाँले तिनीहरूलाई त्यहाँ पहिलो पल्ट भेट्नुभएको थियो। युहन्ना १देखि ५ अध्यायसम्म ध्यान दिएर हामीले पढ्यौं भने ती युवाहरू कमसेकम एक वर्षसम्म येशूसँग बिताइसकेका थिए।**

**"येशूले अशिक्षित माझीहरूलाई आफ्ना चेलाहरू नियुक्ति गर्नुभयो किनभने तिनीहरूले त्यसबेलाका रब्बी वा धर्मगुरुहरूले सिकाएका गलत शिक्षाहरूमा उनिहरू सहभागी भएका थिएनन्। जुन् मानिसहरू येशूले चुन्नुभयो तिनीहरूमा स्वभाविक प्रतिभा र दक्षताहरू थिए। तिनीहरू नम्र थिए र सिक्न वा आत्मज्ञान पाउन उत्सुक थिए। उहाँको काम गर्न शिपालु हुन उहाँले तिनीहरूलाई सिकाउन सक्नुहुन्थ्यो। साधारण जीवनमा कतिपय मानिसहरू आफ्ना दैनक कामहरू निष्ठा र विश्वाससाथ काम गरिरहेका हुन्छन् तर**

तिनीहरूलाई यो थाहा हुदैन कि तिनीहरूमा त्यस समान शक्ति तथा बलहरू छन् जुन् संसारले सम्मान गरिेने कुनै पनि सम्मान पाएका धेरैजसो व्यक्तिहरूमाभन्दा कमका छैनन्। येशूको दक्ष हातको स्पर्स ती मानिसहरूमा लगाउनु आवश्यक छ ताकि तिनीहरूमा भएका सामर्थहरू ब्युँझियोस्। यी खालका मानिसहरूलाई नै येशूले आफ्ना सहकर्मीहरू बन्न आह्वान गर्नुहुन्छ। ती खालका मानिसहरूलाई नै येशूले उहाँसँग रहनपाउने वा सङ्गति गर्न अवसर प्रदान गर्नुहुन्छ र तिनीहरूले त्यसको फाइदा लिएको उहाँ चाहनुहुन्छ।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. २५०बाट रूपान्तरित।

## उपसंहारः

**थप जानकारीः** " बाइबलबाट पाना च्यात्ने एक जना प्रचारकलाई हेर्न आउनुहोस्!" भनि एक जना सुसमाचार प्रचार गर्ने प्रचारकले एउटा शहरमा गएर आफ्नो भेलाको निम्ति विज्ञापनहरू त्यस शहरका भित्ताहरूमा टाँसे। त्यो पढेर अचम्म मानेका सर्वसाधारण मानिसहरू उनको भेलामा जम्मा भए। ती प्रचारक ती मानिसहरूको बीचमा खडा भए र आफ्नो बाइबल खोले। अचम्भित भएको भिँडको सामु उनले बिज्ञापन गरेकै अनुसार बाइबलबाट एक पाना च्यातेर भने कि "यो पाना बाइबलमा कहिलै पनि हुनुपर्ने थिएन। उनले त्यो पाना च्यातेकि जुन पानाले पुरानो र नयाँ करारलाई छुट्याएएको थियो। त्यस प्रचारकको क्रियाकलाप जे भएतापनि उनले अत्यन्त सही भावना व्यक्त गरेका थिए। ती दुई पुस्तकहरू साँच्चिकै एकै हुन्। नयाँ करारभरि पुरानो करार उद्दृध गरिएको छ। बारम्बार नयाँ करारमा भएका बिभिन्न घट्नाहरूको व्याख्या येशू वा नयाँ करारका लेखकहरूले कि त अनुमोदन गरेका थिए कि त व्याख्या गरिएका थिए। नयाँ करारका स्रस्टाहरूले प्रायजसो तिनीहरूको ध्यान पुरानो करारतिर औंल्याउन व्यस्त थिए। येशू आफैले बारम्बार यो भन्नुभएको थियो "धर्मशास्त्र पूरा हुनै पर्छ।" येशूले आफू को हो भनेर प्रमाणित गर्न प्रायजसो पुरानो करारका लेखहरूलाई नै औंल्याउनु भएको थियो (यूहन्ना ५:३९, लूका २४:२७, मत्ती २२:२९, यूहन्ना १३:१८)। पावल जहिलै पनि पुरानो करारलाई नै उद्दृध गर्दथे (रोमी ४:३, रोमी ११:८, गलाती ४:२७ आदि)। कमसेकम पाँचसय पचास उदाहरणहरू पुरानो करारबाट लिएर प्रकाशको पुस्तकले पाठकहरूको ध्यान आकर्षण गर्दछ। नयाँ करारको सम्बन्ध जहिलै पनि पुरानो करारसँग जोडिएको देखाउँछ। पुरानो र नयाँ करारहरू मानिसहरूको निम्ति परमेश्वरका ती लेखाहरू हुन् जसले मानिसहरूलाई उपलब्ध गराइएको मुक्तिको योजनाका

उदाहरणहरूले भरिएका छन्। हुन त पुरानो करारका केही केही चलनहरू येशूभक्तहरूमा लागु हुँदैन जस्तै बलिप्रथा। तर त्यसको अर्थ यो होइन कि नयाँ करारको सामु पुरानो करारको गरिमा कम भएको छ। त्यस्तो गलत धारणा राख्ने भूल हामीले कहिलै पनि गर्नुहुन्न। बाइबल भन्ने बित्तिक्कै पुरानो र नयाँ करार दुवै समावेश भएको हुनुपर्छ। ती दुवै धर्मशास्त्रहरूबाट परमेश्वरको बारेमा र हामीलाई उपलव्ध गराइएको मुक्तिको योजनाको महत्त्वपूर्ण आत्मज्ञानहरू सिक्दछौं।

**चिनतनमन्न:**

अ. येशूलाई विभिन्न प्रकारले शैतानले प्रलोभनमा पार्न खोजेको हामी पाउँछौं। शैतानको प्रत्येक धरापमा उहाँले आफूलाई पार्न दिनुभएको थिएन। धर्मशास्त्र बाइबल कतिको महत्त्वपूर्ण रहेछ भनेर पनि हामी पहचान गर्नसक्दछौं। येशू ख्रीष्ट प्रभु आफै पनि पापी मानिसको जस्तो शरीर लिएर आउनुभएको थियो (रोमी ८:३)। तर शैतानसँग प्रतिकार गर्न येशूले जहिले पनि धर्मशास्त्रलाई नै हतियारको रूपमा प्रयोग गर्नुभएको थियो। तर हामीहरूकै जीवनमा पनि त्यसलाई लागु गर्न हामीले के गर्नुपर्छ? शैतानको आक्रमक नीतिहरूसँग प्रतिकार गर्न बाइबललाई प्रयोग गर्ने बिभिन्न तरिकाहरू के के छन्? सोच्नुहोस्।

आ. प्रत्येक मानिस जो आफूलाई येशूको अनुयायी हुँ भनेर दावी गर्छ त्यो मानिस नम्र हुन किन जरुरी छ? हामी नम्र हुन सिक्न र नम्रकै आचारणमा रहिरहने बानी कसरी सिक्ने? हामीहरूको जीवनमा त्यस महत्त्वपूर्ण ज्ञानमा परिपक्व हुन क्रुसको ज्ञानले कसरी सहायता गर्न सक्दछ?